# वास्तु - शास्त्र




## वास्तुशास्त्रका आधारभूत सिद्धान्तहरू

आचार्य लक्ष्मण पन्थी

सौर्य ऊर्जा (भाग्य)

आफुमा निहित (कर्म)

भू-चुम्बकिय ऊर्जा (वास्तु)


Bhagya (Luck) 33.33%
Karma 33.33%
Vastu 33.33%

# परिचय

- वास्तुशास्त्र वस्तुको अनुकुलता हेर्ने शास्त्र हो
- **वस् धातुमा तुण् प्रत्यय लागेर वास्तु शब्द बन्दछ, जसको अर्थ बस्नेयोग्य भुमि भन्ने हुन्छ**
- वास्तुशास्त्र एउटा प्राकृतिक विज्ञान हो
- आवासमा पर्ने अव्यक्त ब्रह्माण्डीय शक्तिद्वारा मानवलाई सर्वाधिक लाभ पुर्याउनका लागि प्राचीन ऋषि महर्षिहरुले वास्तुशास्त्रलाई स्थापित गर्नुभएको हो जुन शास्त्रलाई हामी भवन-निर्माणकला भन्ने गर्दछौं



# परिचय

- वास्तुशास्त्रले भवननिर्माणको कलाको साथ-साथै भवनमा राखिने विभिन्न वस्तुहरुको लागि उपयुक्त स्थान र त्यसलाई राख्नुपर्ने दिशाको समेत ज्ञान गराएको हुन्छ ।
- सबैभन्दा प्राचीन ग्रन्थ ऋग्वेदमा वास्तुको पहिलो प्रयोग पाइन्छ । चार वेदहरुका चार उपवेदहरू छन् जसमा स्थापत्य उपवेद पनि पर्दछ जसलाई वास्तुको रुपमा जानिने गरिन्छ ।



# परिचय

- अतः संसारका प्रत्येक प्राणी सुखपूर्वक जीवनयापनको लागि हमेशा उपयुक्त स्थानको खोजमा रहेको हुन्छ साथै उसले जहाँ स्थान प्राप्त गर्दछ त्यही स्थानमा रहेर लौकिक एवं पारलौकिक सुखको भोग गर्न चाहेको हुन्छ । जसमा आरोग्यता, सुन्दर, जीवन-साथी, सन्तान प्राप्ति, धन-प्राप्ति, व्यापार एवं राज्य सेवा, सामाजिक लाभ, मान-प्रतिष्ठा, शास्त्रीय ज्ञान र आत्मिक शान्तिको समावेश हुनेगर्दछ ।
- यिनै उद्देश्यहरूलाई ध्यानमा राखेर विद्वान तथा ऋषि-मुनिहरूले भवन निर्माणको विषयमा अत्यन्त सूक्ष्म ढङ्गले दीर्घकालसम्म अध्ययन मुनन गरेर त्यसैको प्रतिफलको रूपमा वास्तुशास्त्र र त्यससँग सम्बन्धित उपयोगी एवं अनुपम सिद्धान्तको प्रतिपादन गरेका छन । वास्तु व्यावहारिक विज्ञान हो, यसले वास्तविक कुरालाई मात्रे जोड दिन्छ ।

# परिचय


- भवन कुनै चलायमान होइन भनी जो वास्तु सिद्धान्तको उपेक्ष गर्दछन् भने त्यस्ता मानिसहरु दुःखी साथै चिन्तायुक्त अनेक समस्याहरुलाई भोग्ने गर्दछन् । वास्तुशास्त्रको अनुशरण गर्नाले स्वास्थ्य मानसिक शान्तिं, सफलता, सुख-सम्मृद्धि पाउन सकिन्छ र आफ्नो जीवनमा आश्चर्यजनक परिवर्तन ल्याउन सकिन्छ ।
- मानव शरीर पञ्च भौतिक तत्व पृथ्वी, जल, तेज, वायु, आकाश मिलेर बने जस्तै वायुमण्डल पनि यिनै पञ्च भौतिक तत्व मिलेर बनेको हुन्छ । मानव शरीर र वायुमण्डलका यिनै तत्वलाई एकापसमा मिलाएर वा सामीप्य गराएर वास्तु मिलाइन्छ ।

वास्तुशास्त्रभित्र निम्न कुराहरु पर्दछन :

- घरपरिवार, छरछिमेक एवं गाँउ र वस्तीको सुख, शान्ति, समृद्धि र निरन्तरताको लागि वास्तुशास्त्रीय मूल्य र मान्यता अनुसार जमिनको छनौट गर्ने,
- शुभ फलदायक जमिनमा शुभ साइतमा शिलान्यास गर्ने,
- भवन वा संयुक्तावासको द्वारन्यास विधिपुर्वक गर्ने,
- भवनको दिशा, कोण, परिसर र झुकाव मिल्छ कि मिल्दैन भनेर योग्य वास्तुविद्सँग समन्वय राखि निरीक्षण गर्ने गराउने,
- आन्तरिक गृहव्यवस्थापन र साजसज्जा ठीक छ की छैन भनी बेलैमा सतर्कतापूर्वक अवलोकन गर्ने
- गृहनिर्माण कार्य पूर्णतः सम्पन्न भइसकेपछि विधिपूर्वक गृहशुद्धि एवं गृहवास्तु यज्ञ गरी गृहप्रवेस गर्ने

# वास्तु पुरुष


- वास्तुपुरुष (वास्तुदेवता) लाई भूमिदेव पनि भनिन्छ।मत्स्यपुराणका अनुसार अन्धकाशुरलाई मार्दा आएको भगवान शिवको पसिनाबाट वास्तुपुरुष उत्पत्ति भए। अन्धक राक्षसको रगत पिएका र शिवबल पाएका वास्तुपुरुषले स्वर्गमा आतंक मच्चाएपछि ८१ देवदेवीले उनलाई समातेर पृथ्वीमा पठाई भूमिदेवता बनाइदिएको उल्लेख छ। त्यसपछि भूमिदेवता बनेका वास्तुपुरुषलाई पूजा गरेर उनको शिर, पाउ, नाभी, खुट्टा, हात आदि स्थानमा बसेका देवताको आराधना गरी संरचना निर्माण गर्ने संस्कृतिको सुरुआत भयो।



विश्वकर्मा प्रकाशमा भनिएको छ -"अधोमुख वास्तु पुरुषको शरीरमा विभिन्न देवताहरूको निवास हुने गर्दछ ।" वास्तुपूजनको समयमा वास्तुदेवको उत्तान देहको स्मरण गर्ने गर्नुपर्दछ। जब वास्तुदेवलाई पृथ्वीमा फ्याँकिएको थियो, त्यसबेला उनको शिर ईशान कोणमा र खुट्टा नैऋत्य कोणमा थियो ।

वास्तुचक्रअनुसार वास्तुपुरुषले प्रत्येक महिनामा आफ्नो दिशा बदल्ने गर्दछन् । जुन महिनामा वास्तुदेवको दृष्टि जहाँ देखिन्छ । यहाँ उनको खुट्टा जुन दिशामा हुन्छ, त्यस दिशामा कुवा, इनार, तलाउ, मन्दिर या घरको निर्माण गर्नु हुँदैन । जसको विवरण निर्णय-चक्रबाट थाहा पाउन सकिन्छ। यस क्रममा विवाह, देवालय, भवन, तलाउ आदिको शुभारम्भ, शिलान्यास एवं स्तम्भरोपणको विधान छ ।






Rog
Nãg
Mukhya
Bhallãt
Kuber
Shail
Aditi
Diti
Ish
Pãpaya kshamã
Rudra
Pruthvidhar
Ãpavatsa
Parjanya
Shesh
Rudradas
Ãp
Jay
Asur
Indra
Varun
Maitragan
Brahmã
Aryamã
Surya
Pushpa-dant
Satya
Sugriv
Jay
Vaivasvat
Sãvitra
Bhrush
Nandi
Indra
Savitã
Ãkãsh
Pitru
Mrug
Mrugrãj
Gandharva
Yam
Gruha-kshata
Vitatha
Pushã
Agni

- हाम्रो सभ्यतामा घर बनाउनु घरको शिल्प मात्र नभई एक पवित्र समारोह पनि हो र घरलाई जीवित प्राणी मानिन्छ। घरको आत्मालाई वास्तु पुरुष भनिन्छ र ब्रह्मा, ईश्वर, अग्नि, वरुण, पवन, यम र दानव जस्ता विभिन्न देवताहरूलाई विभिन्न मुख्य दिशा र क्षेत्रहरू तोकिएको हुन्छ, किनभने विशेष दिशामा बहने उर्जाका तरंगहरुको विशेष प्रभाव हुन्छ।

# Geo Magnetic Energy




Life Force Energy



DIVINTY, COMPASSION, LOVE, HELPFUL PEOPLE
OBSTACLES, ILL-HEALTH, GUESTS, SERVANTS, COURT CASES, DEFAMATION
SPACE element
DIVINE GRACE, BLESSINGS, MONEY, PROFIT BUSINESS & PARTNERSHIPS
NORTH
WATER element
AIR element
LOVE, (LIFE DIVINE)
INFLOW OF MONEY,
ABUNDANCE, GOOD RELATIONSHIPS, SERVICE
WEST
LUCK, Pleasures Spiritual SUN
LIGHT, Material SUN
EAST
PURITY, SUCCESS, OPULENCE,
CLARITY OF KNOWLEDGE, ILLUMINATION
LAW, DEATH KARMA, JUSTICE, (LIFE MATERIAL)
FIRE element
EARTH element
SOUTH
BUSINESS SUCCESS, POWER, GROWTH, OPULENCE, NAME & FAME, PROGENY, CHILDREN'S PROSPERITY, BENEFITS FROM COMMUNITY
OUTLOW OF MONEY, ENEMIES, DISCORD (s)
STRENGTH, STABILITY AND WEIGHT(sw)
WEALTH, CHEATING, REDUCTION OF NAME & FAME (not loss), POWER TO ENEMIES & INIMICAL FORCES, GOVERNMENTAL OPPOSITION

# प्रकृति र जीवमा पञ्चतत्त्वको समानता

- यो ब्रह्माण्ड पञ्चमहाभूतले बनेको छ। पृथ्वी, जल, तेज, वायु, आकाश ब्रह्माण्डका पञ्चतत्त्व हुन्।हाम्रो शरीर पनि यिनै पञ्चतत्त्वबाट बनेको छ।




- हाम्रो शरीरमा रहेको कडा भाग पृथ्वी हो।
- रगत लगायत तरल पदार्थ जल हो।
- शरीरको ताप अग्नि हो।
- श्वासप्रश्वासका माध्यमले शरीरभरि सञ्चरण गर्ने वायु हो।
- शरीरमा रहेका विवर नै आकाश हो।
- पृथ्वी तत्त्वले शरीर धारण गर्दछ। जलले एकत्रित गर्दछ। तेजले प्रकाशित गर्दछ। वायुले अंगप्रत्यंग शुद्ध गरी यथास्थानमा राख्दछ। आकाशले विभिन्न पदार्थलाई भण्डारण र निष्कासन गर्दछ।

# घरमा पञ्चतत्त्व व्यवस्था


- हाम्रो घर पनि ब्रह्माण्डककै स्वरूप हो। सानो घर बने पनि यसमा प्रकृक्तिका सबै तत्त्वको सन्तुलन मिलाउन आवश्यक हुन्छ। संसारको जुनसुकै कुनामा बसे पनि स्वस्थ मानिसको शरीरको तापक्रम एउटै हुन्छ। तर ठाउँअनुसार बाहिरी वातावरण भने फरक-फरक हुन्छ। यसरी विभिन्न वातावरणमा पञ्चमहाभूतको सन्तुलित समायोजन घरमा गरिएको हुन्छ। हिमाली भेगमा न्यानो घर आवश्यक पर्छ भने तराई क्षेत्रमा चिसो हावा आउने घर आवश्यक पर्छ। त्यसैले प्रकृतिमा रहेको ऊर्जा घरमा भण्डारण गरी जीवनलाई स्वस्थ बनाउने चेष्टा गरिन्छ।


- पूर्व दिशामा तेज र शक्तिका स्रोत विश्वात्मा सूर्यनारायणको उदय हुन्छ। उदयकालमा सहस्रकिरण सूर्यनारायणले पृथ्वीमा अमोध अमृतमय किरण वर्साउनुहुन्छ । सूर्यनारायणका यस्तै किरणले धर्ती जागा हुन्छ। सुतेका कीट, पतंग, प्राणी वनस्पति सबैमा शक्ति सञ्चार हुन्छ। वेदमा 'सूर्य आत्मा जगतस्तस्थुषश्चः' भनिएका सूर्यनारायणले प्रातकालका पहला किरणसँगै घरमा अमृत बर्साउनुहुने हुँदा घरमा पूर्वतर्फ प्रशस्त झ्यालढोका राख्न हाम्रा ऋषि-महर्षिहरूले सुझाव दिनुभएको हो। प्रातःकालमा सूर्यनारायण क्षितिजमा आउनुपूर्वदेखि नै अमृत वर्षा हुने हुँदा उक्त तेजमय अमृत धारण गर्ने समय नै ब्रह्म मुहूर्त हो। ब्रहम मुहूर्तमा गरेको अध्ययन, ध्यान, जप, आदि तत्काल सिद्ध हुने हुँदा हाम्रा शास्त्रहरूमा ब्रह्ममुहूर्तको महत्त्व दर्साइएको हो।

- पूर्वबाट आग्नेय हुँदै दिनको समयमा दक्षिण दिशातर्फ ढल्कने सूर्यनारायणमा प्रचण्डता बढ्दै जान्छ। त्यसैले सूर्यको रापबाट बच्न दक्षिण दिशामा अग्ला वृक्षहरू लगाइन्छ। नैऋत्य दिशामा पृथ्वीतत्त्वले ऊर्जा शोषण तथा भण्डारण गर्ने हुँदा डिल, पर्खाल अग्ला वृक्ष, मोटो दिवाल, घरको बढी उचाइ, वजनदार वस्तुको राखनधरन, घरमूलीको बास आदि गरिएको हो। वायव्य दिशामा प्रायः अस्थिर वा अस्थायी वस्तुको राखनधरन गरिन्छ। वायुगतिमा त्यहाँका वस्तुको चञ्चलता हुने हुँदा औषधि, पाहुना, रोदन गृह, व्यापारिक वस्तु चञ्चला लक्ष्मी, खाद्यान्न आदि राख्ने गरिन्छ।


- उत्तर दिशामा सुमेरु पर्वत रहेको छ। सुमेरु भनेको देवताहरूको बासस्थान हो। धनका स्वामी कुवेरको दिशा पनि उत्तरै हो । यसबाहेक उत्तर दिशामा रहेको हिमालय शीतलता र जलको स्रोत हो। गर्मी प्रदेशमा उत्तर दिशालाई खुला राख्नाले हिमालको चिसो वायु आउनुका साथै घरको आँगनमा घामको छाया पर्ने हुँदा वातावरणको सन्तुलन कायम हुन्छ। उत्तर वा ईशान दिशामा पानीको भण्डार राख्नाले पानी सुक्दैन र दूषित हुन पाउँदैन।


- देवालय निर्माण गदाँ पूर्वपश्चिम लाम्बो पारी उत्तरतर्फ धेरै ढोका राख्न उपयुक्त हुने कुरा शास्त्रमा छ । आवासीय घर निर्माण गर्दा पूर्वपश्चिम लाम्चो पारी पूर्वतर्फ प्रशस्त झ्यालढोका राख्दा पूर्वको ऊर्जा घरमा आई वातावरण सन्तुलित हुने हुन्छ। घरमा ब्रह्मस्थान भनेको घरको केन्द्रस्थान हो। यो स्थानमा खुला राख्दा घरमा आकाशतत्त्वको सन्तुलन कायम हुन्छ । समग्रमा शास्त्रीय मर्यादा पालन गरेर मौसम र भूभागअनुसार पञ्चमहाभूतको सन्तुलन मिलाउन सकियो भने स्वर्गीय आनन्द घरमै प्राप्त हुन्छ। चार दिशामध्ये जग्गा जता फर्किए पनि शास्त्रले निर्देश गरेको स्थानमा ढोका राख्नाले घर समृद्धिदायक हुन्छ





- स्वस्तिकको चिन्हमा खाली भएको ठाउँमा ढोका राख्ने।
- ढोका राख्दा स्वस्तिक मोडलमा हुनु जरुरी छ ।






# भवनको आन्तरिक योजना

**दक्षिणमूखी ढोकाले प्राय आर्थिक उन्नति बलियो नहुने गर्छ**

| | NW | NORTH | NE | |
|---|---|---|---|---|
| | 9<br>2 | 7 | 5<br>10 | |
| WEST | 4 | | 6 | EAST |
| | 7<br>-10 | 0 | 3<br>8 | |
| | SW | SOUTH | SE | |


# भान्छा कोठा



## ढुकुटी कक्ष

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 0 | 7 | 6 | |
| WEST | 8 | 0 | 4 | EAST |
| | 10 | 9 | 5 | |
| SW | | SOUTH | | SE |

# शौचालय



**Living Room**

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 6 | 8 | 10 | |
| WEST | 7 | 5 | 9 | EAST |
| | 2 | 4 | 3 | |
| SW | | SOUTH | | SE |

# Children's Room

| NW | NORTH | NE |
|---|---|---|
| 7 | 8 | 5 |
| 10 | | 9 |
| 2 | 3 | 4 |
| SW | SOUTH | SE |

WEST

EAST

**Guest Room**

| NW | NORTH | NE |
|---|---|---|
| 10 | 9 | 8 |
| WEST 5 | | 7 EAST |
| 0 | 2 | 3 |
| SW | SOUTH | SE |

**Dinning**

| NW | NORTH | NE |
|---|---|---|
| 9 | 6 | 2 |
| 10 | | 8 |
| 0 | 6 | 7 |
| SW | SOUTH | SE |

WEST (left side) / EAST (right side)

**Study Room**

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 5 | 8 | 9 | |
| WEST | 10 | | 7 | EAST |
| | 0 | 2 | 6 | |
| SW | | SOUTH | | SE |

# पुजा कोठा

| NW | | NORTH | | NE |
|---|---|---|---|---|
| | 5 | 8 | 10 | |
| WEST | 7 | 0 | 9 | EAST |
| | 0 | 2 | 6 | |
| SW | | SOUTH | | SE |

**Septic Tank**

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 9 | 4 | -10 | |
| WEST | 10 | 0 | 2 | EAST |
| | 0 | 3 | 6 | |
| SW | | SOUTH | | SE |

## भर्याङ्ग
## Stair case

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 7 | 3 | 0 | |
| WEST | 10 | 0 | 4 | EAST |
| | 8 | 9 | 6 | |
| SW | | SOUTH | | SE |

**फोहोर राख्ने ठाउँ**

**Garbage Storage**

| | | | | |
|---|---|---|---|---|
| | NW | NORTH | NE | |
| | 10 | 8 | 0 | |
| WEST | 7 | | 5 | EAST |
| | 0 | 3 | 9 | |
| | SW | SOUTH | SE | |

**Land Facing**

| NW | NORTH | NE |
|---|---|---|
| 2 | 9 | 3 |
| 7 | | 10 |
| 0 | 8 | 4 |
| SW | SOUTH | SE |

WEST

EAST

## Slope of Land

| | | | | |
|---|---|---|---|---|
| NW | | NORTH | | NE |
| | 7 | 8 | 10 | |
| WEST | 2 | 1 | 9 | EAST |
| | -10 | 1 | 3 | |
| SW | | SOUTH | | SE |

# सन्दर्भ सामाग्री

डा. माधव मंगल जोशीको विभिन्न समयको प्रशिक्षणमा आधारित नोटबाट

नारायण प्रसाद निरौला (उप-प्रा डा.) , संस्कार –सुलोचना, नारायण प्रसाद ओझा, अनामनगर ,काठमाडौं, प्रथम संस्करण ,२०७६

ज्यो.दैवज्ञ दीपक प्रसाद जोशी,ज्योतिष विज्ञान,नेपाल ज्योतिष परिषद ललितपुर ,प्रथम संस्करण,२०७२ जेष्ठ २५ , काठमाडौं

डा. उत्तम उपाध्याय न्यौपाने,ग्लोबल वास्तु ,लोचन ज्योतिष एवं वास्तु सेवा, काठमाडौं ,दोश्रो संस्करण, २०७३

श्री विन्ध्यश्वरी प्रसाद द्विवेदी , वास्तुरत्नाकार , चौखम्बा संस्कृत सीरिज अफिस, वाराणासी, २०७७

डा. श्रीकृष्ण ‘जुगनू’, वास्तुरत्नावाली, चौखम्बा ओरियान्तालिया ,दिल्ली , संस्करण २०२०